नेपाल सरकार
गृह मन्त्रालय
सशस्त्र प्रहरी बल नेपाल
नं.५ बिन्ध्यावासिनी वाहिनी मुख्यालय, रुपन्देही
मुकाम चन्द्रौटा, कपिलवस्तु

चिरञ्जिवी अधिकारी
सशस्त्र प्रहरी नायब महानिरीक्षक
वाहिनीपति

१५/०१/१

## पुराना जिन्सी मालसामानहरु र सवारी साधनहरुको लिलाम बिक्री सम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७५/१२/१२ गते ।

सशस्त्र प्रहरी बल, नेपाल नं.५ विन्ध्यावासिनी वाहिनी मुख्यालय रुपन्देही मुकाम चन्द्रौटामा रहेका तपसिल बमोजिमका विभिन्न पुराना जिन्सी सामानहरु र सवारी साधनहरू जे-जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले खरिद गर्न ईच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुले निम्न लिखित शर्तहरुको अधिनमा रही सिलबन्दी बोलपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरीएको छ ।

| सि.नं. | पुराना जिन्सी मालसामानहरु र सवारी साधनहरुको बिवरण | न्यूनतम जम्मा मूल्य रु (मु.अ.कर बाहेक) | बोलपत्र फाराम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|
| १ | प्रयोगमा ल्याईसकेका पुराना फलाम, प्लाष्टिक, तामा, स्टिल, सिलभर, पितल, काठ र पुराना ब्याट्री आदिका सामानहरु | रु.३१८२१७.४५।- (तिन लाख अट्ठार हजार दुई सय सत्र र पैसा पैंतालिस मात्र) | १०००।- | |
| २ | वानटन ट्रक थान - १<br>२.५ ट्रक पुरानो थान- १<br>सि.डि.मो.सा. थान - १ | रु. २६६६४०।- (अक्षरुपी दुई लाख छैसट्ठी हजार छ सय चालिस रुपैया मात्र) | १०००।- | नामसारी नहुने |

बोलपत्र फाराम श्री सशस्त्र प्रहरी बल, नेपाल नं.५ बिन्ध्यावासिनी वाहिनी मुख्यालय रुपन्देही (मुकाम चन्द्रौटा कपिलवस्तु) कार्यालयबाट प्रथम पटक सूचना प्रकाशित भएको मितिले २१ औं दिन (मिति २०७६/०१/०२ गते) को कार्यालय समय भित्र प्रत्येक सि.नं को छुट्टाछुट्टै बोलपत्र फाराम तोकिएको दस्तुर (फिर्ता नहुने गरी) नगदै बुझाई प्राप्त गर्न सकिने छ । बोलपत्र फाराम २२ औं दिन (मिति २०७६/०१/०३ गते) को १२:०० बजे भित्र श्री सशस्त्र प्रहरी बल, नेपाल नं.५ बिन्ध्यावासिनी वाहिनी मुख्यालय रुपन्देही (मुकाम- चन्द्रौटा कपिलवस्तु) मा दर्ता गराई सक्नु पर्नेछ, दाखिला भएका बोलपत्र फारामहरु सोही दिनको १४:०० बजे यस कार्यालयमा खोलिनेछ । बोलपत्र फाराम बिक्री, दाखिला र खोलिने दिन कारणवस सार्वजनिक बिदा पर्न गएमा बिदा पछाडीको पहिलो कार्यालय खुलेको दिन सोहि समय र स्थानमा गरिनेछ । बोलपत्रदाताले बोलपत्रमा कबोल गरेको कुल रकमको १० (दश) प्रतिशतले हुने रकममा नघटाई श्री सशस्त्र प्रहरी बल, नेपाल नं.५ बिन्ध्यावासिनी वाहिनी मुख्यालय मुकाम चन्द्रौटाको कोड नं. ३८-३१४-२१ को कोष तथा लेखा नियन्त्रक कार्यालय, तौलिहवा राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय तौलिहवा कपिलवस्तुको धरौटी खाता नं. ३११०२०३००००००० मा नगदै दाखिला गरी सो को सक्कलै भौचर वा ९० (नब्बे) दिन मान्य अवधिको कुनै बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको सक्कलै बैंक जमानत (बैंक ग्यारेन्टी) बोलपत्र साथ पेश गर्नु पर्नेछ । स्वीकृत बोलपत्रदाताले बोलपत्र स्वीकृतीको जानकारी पाएको ७ (सात) दिनभित्र आफूले कबोल गरेको रकममा नियमानुसार लाग्ने मु.अ.कर १३ (तेह्र) प्रतिशत समेत थप गरी जम्मा हुन आउने रकम दाखिला गरी जिन्सी सामानहरु तथा सवारी साधनहरु उठाई लैजानु पर्नेछ । बोलपत्रदाताले नियमानुसार उठाई नलगेमा बोलपत्र कागजात साथ पेश गरेको बोलपत्र जमानत बापतको रकम यस कार्यालयले नियमानुसार जफत गरी प्रचलित कानून बमोजिम कारबाही गर्ने छ । उल्लेखित जिन्सी सामानहरु हेर्न वा थप कुराहरु बुझ्न परेमा कार्यालय समय भित्र यस कार्यालयमा आई हेर्न र बुझ्न सकिनेछ वा यस कार्यालयको फोन नं ०७६-५४०१०५ मा सम्पर्क राखी आवश्यक जानकारी लिन सकिनेछ । यस सम्बन्धी सूचना सशस्त्र प्रहरी बल, नेपालको Web Site:- www.apf.gov.np मा समेत राखिएको छ ।